# १३
# परमेश्वरका जनहरुको निम्ति विशेष वचनहरु

के तपाईले बाइबलका वचनहरुमा आधारित भएर कहिले स्वर्गको बारेमा कल्पना गर्ने प्रयास गर्नुभएको छ ? सम्भवत यो हामीले अपेक्षा गरेभन्दा धेरै फरक हुनेछ होला । हाम्रो स्वर्गीय घर निश्चय नै हामीले कल्पना गरेभन्दा धेरै महान हुनेछ र त्यसलाई वर्णन गर्न प्रयोग गरिएको पृथ्वीका संकेतहरु सुन, हिरा र मोती भन्दा धेरै महिमित हुनेछ ।

जसले "राज्य" र "मण्डली" बारेको परमेश्वरको सन्देशलाई चित्रण गर्ने प्रयास गर्दछन् तिनीहरुमा पनि यही कुरा सत्य हुन आउँदछ । धर्मशास्त्रहरुमा यी शब्दहरु यति धेरैपल्ट प्रयोग गरिएको छ कि जसले गर्दा हामीले यी दुई शब्दहरुलाई नबुझी परमेश्वरको मुक्तिको योजनालाई बुझ्ने आसा गर्न सक्दैनौं ।

## "राज्य" भन्ने शब्द

परमेश्वरको राज्यलाई राज्यको रुपमा दुवै करारहरुमा अगमवाणी गरिएको र प्रकट गरिएको छ । पुरानो करारमा र नयाँ करारका शुरुका खण्डहरुमा यसको बारेमा अगमवाणी (भविष्यवाणी) गरिएको थियो र प्रेरित २ र बाँकी नयाँ करार भरि यसलाई पृथ्वीमा भएको वास्तविकताको रुपमा प्रस्तुत गरिएको छ । भविष्यवाणीमा राज्यलाई कहिले काँही चित्रहरु र संकेतहरुमा पनि चित्रण गरिएको कारणले गर्दा, अगमवक्ताहरुले गरेको चित्रण भन्दा वास्तविकतामा यो महान र धेरै महिमित छ । अगमवक्ताहरुको चित्र सही थिए, तर यो आलंकारिक भाषामा उल्लेख गरिएको कारणले गर्दा रहस्यको पर्दा भित्र लुकेका थिए ।

"राज्य" भन्ने शब्द नयाँ करारको साथसाथै पुरानोमा पनि महत्वपूर्ण छ, तर हामी नयाँ करारमा भएको यसको प्रयोग प्रति विशेष गरेर चाख राख्दछौं । परमेश्वरको राज्यलाई नयाँ करारमा पुरानो करारका भविष्यवाणीहरु पुरा भएको रुपमा प्रस्तुत गरिएको छ । बाइबलमा भएको यी शब्दहरुको प्रयोगलाई पूर्ण रुपमा नबुझी ख्रीष्टको मण्डलीलाई बुझ्न खोज्दा कुनै पनि व्यक्ति घाटामा हुन्छन् ( हेर्नुहोस् परिशिष्ट ४) ।

आउनुहोस् यो शब्दलाई हामी तीन कोणहरुबाट निरिक्षण गरौं, जुन प्रत्येक यसको प्रयोगमा ख्रीष्टले स्थापित गर्नु भएको मण्डलीसँग सम्बन्धित छन् ।

### यसको राजनीतिक प्रयोग

बाइबलमा सर्वप्रथम "राज्य" भन्ने शब्द, कुनै एक जनालाई साम्राज्यको उच्च प्रमुखको, उच्चाधिकारी, त्यो राज्यको शक्तिशाली शासकको रुपमा सम्बोधन गर्दै राजनैतिक अर्थमा प्रयोग भएको छ ।

"राज्य" शब्दको राजनैतिक प्रयोगलाई यहोवाको इस्राएल राज्यसँगको सम्बन्धलाई प्रकाश पार्न पनि प्रयोग गरिएको छ । इस्राएलको इतिहासमा सर्वप्रथम, परमेश्वर तिनीहरुको राजा हुनुहुन्थ्यो । उहाँ तिनीहरुको शासनाधिकारमा सार्वभौक हुनुको साथै तिनीहरुको धर्मको शीर हुनुहुन्थ्यो । इस्राएलको सरकार त्यस समयमा ईश्वर शासित थियो, परमेश्वरबाट शासित एउटा राज्य थियो । मोशा र इस्राएलका सन्तानहरुले जब परमेश्वरले मिश्रीहरुलाई लाल समुन्द्रमा नाश गर्नुभएको देखेका थिए, उनीहरुले गाउँदै भनेका थिए, "परमप्रभुले सदासर्वदै राज्य गर्नुहुनेछ" (प्रस्थान १५:१८) । जब इस्राएलीहरुले सीनै पर्वतको सामुन्ने छाउनी बनाएका थिए, परमप्रभुले त्यो जातिलाई भन्नुभएको थियो, "अब यदि तिमीहरुले मेरो कुरा साँच्चै नै सुन्यो र मेरो करार पालन गर्‍यौ भने, समस्त जातिहरुमध्ये तिमीहरुचाहिँ मेरो बहुमूल्य निज धन हुनेछौ । सारा पृथ्वी मेरै भए तापनि तिमीहरु मेरो निम्ति पूजाहारीहरुको एक राज्य र एक पवित्र जाति हनछौ" (प्रस्थान १९:५, ६ क) । यहोवाले इस्राएललाई त्यो व्यवस्था दिनुभएको थियो जसद्वारा उनीहरु जीउनु पर्दथ्यो, र सबै न्यायिक र धार्मिक कृयाकलापहरु उहाँको नाउँमा गर्नु पर्दथ्यो । उहाँले इस्राएललाई उसका युध्दहरुमा अगुवाई गर्नुभएको थियो र उसको

विजयहरुको जस पाउनुभएको थियो (गन्ती २१:३४) । उहाँ इस्राएलका राजा हुनुहुन्थ्यो र इस्राएल, उहाँको शासन अन्तरगत रहेको जातिको रुपमा, उहाँको राज्य थियो । शमूएलको समयमा, इस्राएल, आफू वरिपरी रहेका राज्यहरु जस्तै हुने इच्छाले उत्प्रेरित भयो, र उसलाई परमेश्वरले एउटा सांसारिक राजा दिनुभएको होस् भनी माग गऱ्यो । परमेश्वरले मानिसहरुको अनुरोधलाई स्वीकार गर्नुभयो र तिनीहरुलाई पहिलो राजाको रुपमा शाऊल दिनुभयो । इस्राएलका राजा शाब्दिक अर्थमा एउटा कठोर राजा हुनुहुँदैन थियो । उनी यहोवा प्रति एउटा सहायक शासक र एउटा सेवक हुनको निम्ति उत्तरदायी हुन्थे । मोशाको व्यवस्थाद्वारा उनको अधिकारलाई सीमित गरिएको थियो । उनी यहोवाको सेवक हुनुपर्दथ्यो र उहाँको सांसारिक प्रतिनिधीको रुपमा शासन गर्नुपर्दथ्यो । उनले शत्रुहरुबाट इस्राएललाई रक्षा गर्नु पर्दथ्यो, इस्राएललाई धार्मिकतामा डोऱ्याउनु पर्दथ्यो र देशलाई एकतामा एकसाथ बाँध्नु पर्दथ्यो ।

एउटा राज्यमा राजनैतिक अर्थमा, त्यसोभए, एउटा राजा हुन्छन् जो सार्वभौम हुन्छन्, कुनै प्रकारको एउटा राष्ट्र हुन्छ, शासन गरिने जनता हुन्छन्, र शासन संचालन गर्नको निम्ति राजाले बनाएको कानूनहरु हुन्छन् । राज्य ठूलो अथवा सानो हुन सक्दछ; त्यसमा कुनै भौतिक भूमि अथवा घुमन्ते जातिको राष्ट्र आवध्द हुन सक्दछ । "राज्य" शब्दको मूल विचारमा राजाको शासन र जनताहरुको त्यो राजा प्रतिको आज्ञापालन रहेको हुन्छ ।

**यसको अगमवादी प्रयोग**

"राज्य" शब्दको धर्मशास्त्रहरुमा अगमवादीय प्रयोग पनि छ । यो राजनैतिक शब्दलाई पवित्र आत्माले परमेश्वरले अभिप्राय गर्नुभएको संसारको अन्तिम युग, खीष्टियान युगमा गर्नुहुने कार्यको बारेमा भविष्यवाणी गर्न प्रयोग गर्नुभएको थियो ।

पुरानो करारमा "राज्य" बारेको मुख्य भविष्यवाणी दानिएल २ मा पाइन्छ । दानिएल पवित्र आत्माद्वारा यसो लेख्न अगुवाई गरिएका थिए, "यी राजाको समयमा स्वर्गका परमेश्वरले एउटा राज्य खडा गर्नुहुनेछ, जुनचाहँ कहिल्यै नष्ट हुनेछैन, नत्र यसको सार्वभौमिकता अरु कुनै जातिको हातमा दिइनेछ । यसले यी सबै राज्यहरुलाई चकनाचूर पार्नेछ र अन्त्य गर्नेछ, तर यो राज्यचाहिँ सदासर्वदा रहिरहनेछ" (दानिएल २:४४) । दानिएलको प्रकाशले अगमवाणी गरिएको राज्यको बारेमा महत्वपूर्ण सत्य सिकाएको छ । पहिलो, यो एउटा विशेष राज्य हुनेछ, अथवा राजाद्वारा शासित, स्वर्गका परमेश्वरले स्थापना गर्नुहुने । दोश्रो, यो एउटा अनन्तको राज्य हुनेछ अथवा कहिल्यै अन्त्य नहुने । तेश्रो, यो सारा संसारका राज्यहरुभन्दा शक्ति र सहनशीलतामा सर्वोच्च हुनेछ ।

त्यसभन्दा अझ बढि, बप्तिष्मा दिने यूहन्नाको प्रचारमा (मत्ती ३:१, २) र येशुको प्रचार र शिक्षामा पनि (मत्ती ४:१७) परमेश्वरको आउन लागेको यो राज्य बारेको अगमवाणी प्रमुख महत्वपूर्ण स्थानमा रहेको छ । सुसमाचारलाई खीष्टले राज्यको सुसमाचार भनी भन्नुभएको छ (मत्ती ९:३५) । बाह्र प्रेरितहरु र सत्तरी जनालाई (लूका १०:१-२०) येशूले परमेश्वरको राज्य नजिक आएको छ भनी घोषणा गर्न पठाउनुभएको थियो (मत्ती १०:७, लूका १०:९) । एक तिहाइ भन्दा बढि येशूका दृष्टान्तहरुले राज्यको बारेमा भविष्यवाणी गरेका छन् । येशूले आफ्ना चेलाहरुलाई आउन लागेको राज्यको निम्ति प्रार्थना गर्न सिकाउनुभएको थियो (मत्ती ६:१०) ।

यूहन्ना र येशूले कति पल्ट राज्यको बारेमा सिकाउनुभएको थियो भन्ने कुरामा आधारित भएर, धेरै तथ्यहरु थाहा पाउन सकिन्छ; पहिलो, आउन लागेको राज्य परमेश्वरको योजनामा धेरै महत्वपूर्ण कुरा थियो । दोश्रो, राज्यको अगमन नजिकै थियो, "आउनै लागेको" अथवा "नजिकै" । तेश्रो, आउन लागेको राज्यद्वारा स्पष्ट रुपमा दानिएलको अगमवाणी पूरा हुन लागेको थियो । चौथौं, राज्यको आगमन परमेश्वरको कार्य थियो, मानिसको होइन । पाँचौं, जब यो आउनेथ्यो, जब परमेश्वरका प्रवेशका सर्तहरु पूरा गरिन्थ्यो (यूहन्ना ३:५) तब मात्र मानिसहरु राज्यमा पस्न सक्थे, ।

प्रेरित २ बाट अघि, राज्यलाई सधैं वास्तविकताको रुपमा उल्लेख गरिएको छ, अस्तित्वमा छ भन्ने रुपमा । येशूले निकोदेमसलाई भन्नुभएको थियो, "साँच्चै म तिमीलाई भन्दछु, कोही पानी र आत्माद्वारा जन्मेन भने परमेश्वरको राज्यमा पस्त सक्दैन" (यूहन्ना ३:५) । तर फिलिपले सामरियामा गरेको प्रचारको बारेमा, लूका लेख्दछन्, "तर जब तिनीहरुले परमेश्वरको राज्य र येशू खीष्टको नाउँको

सुसमाचार सुनाउने फिलिपका कुरामा विश्वास गरे, तब पुरुष र स्त्रीहरुले बप्तिष्मा लिए" (प्रेरित ८:१२)। राज्य वर्तमानमा नभएको भए फिलिपले यो सन्देश प्रचार गर्न सक्दैनथे ।

"राज्य" शब्दको अगमवादी प्रयोगले, त्यसोभए, जसले आफूलाई संसारको निम्ति उहाँको इच्छामा सुम्पिएका हुन्छन् तिनीहरुमाथि परमेश्वरले गर्नुहुने आत्मिक शासनलाई उल्लेख गरेको छ । यसले एउटा शासन र एउटा राज्यलाई उल्लेख गर्दछ - यो राज्य एउटा जीवनमाथि हुने परमेश्वरको आत्मिक राज्य हुन्छ र यो राज्य आत्मिक क्षेत्र हुन्छ जहाँ परमेश्वरको प्रत्यक्ष शासन हुँदछ । यो ख्रीष्टको राजकिय शासन "मण्डली" शब्दमा पनि समावेश भएको छ : जब कोही सुसमाचारलाई ग्रहण गरेर ख्रीष्टको इच्छामा समर्पित हुन्छन्, उनी ख्रीष्टको शरीर, मण्डली भित्र ल्याइन्छन् र उनी मण्डलीको शीर प्रति समर्पित भएर ख्रीष्ट येशूमा जीउँदछन्, उनी परमेश्वरको पृथ्वीमा भएको राज्यमा जीवन बिताउँदछन् । मानिसहरुको हृदयमाथि गरिएको ख्रीष्टको राजकिय शासनले मण्डली सृष्टि गर्दछ । यसरी "परमेश्वरको राज्य" र "ख्रीष्टको मण्डली" वर्णन गरिएका छन्, जसको येशूले मत्ती १६:१८, १९ मा प्रकट गर्नुभए अनुसार एउटै अर्थ हुन्छ ।

**यसको वर्तमानसमयको प्रयोग**

राजनैतिक पृष्ठभूमि, अगमवादी प्रयोग र "राज्य" शब्दबारेको नयाँ करारको वास्तविकताको निम्ति वर्तमान समयको, त्यस शब्दको व्यवहारिक प्रयोगको पनि आवश्यकता पर्दछ ।

प्रथमतः यसलाई *अगमवाणी पूराभएको अर्थमा* प्रयोग गरिनु पर्दछ । त्यो राज्य जसको बारेमा दानिएलले बोलेका थिए त्यो आएको थियो । राजकिय शासनको रुपमा यस संसारमा परमेश्वरको विशेष काम, एउटा शासन जसको निम्ति एउटा आत्मिक राज्यको आवश्यकता पर्दछ, अब आएको छ । तिनीहरु जो परमेश्वरको इच्छा अघि झुकेका हुन्छन्, त्यो राजकिय शासन अन्तर्गत आएका हुन्छन् । परमेश्वरको आउन लागेको राज्य बारेको अगमवाणी पूराभएको छ ।

दोश्रो, हामीले "राज्य" शब्दलाई *वर्तमान समयको वास्तविकता*को अर्थमा प्रयोग गर्नुपर्दछ । परमेश्वरको राज्य अब आउन लागेको केही कुराको रुपमा रहेको छैन । अहिले ख्रीष्टले आज्ञापालक विश्वासद्वारा उहाँको मण्डलीमा आएका मानिसहरु माथि राज गरिरहनु भएको छ । त्यस अर्थमा, हाम्रो प्रार्थना "तपाईको राज्य आओस्" भन्ने हुनुहुँदैन, तर "मैले आफूलाई पूर्ण रुपमा तपाईको इच्छामा सुम्पन सकुँ जसले गर्दा तपाईले मेरो जीवनमाथि राज्य गर्नसक्नु भएको होस् र म तपाईको राज्यमा जीउन सकुँ" भन्ने हुनुपर्दछ ।

तेश्रो, हामीले यो शब्दलाई *परमेश्वरको स्वर्गीय शासनको एउटा पृथ्वीको अंश* भन्ने प्रसंगमा प्रयोग गर्नुपर्दछ । परमेश्वरले विशेष रुपमा चुन्नुभएका मानिसहरु, मण्डली, उहाँको राज्यका पृथ्वीमा भएका हिस्सा हुन् । येशू र नयाँ करारका लेखकहरुले मण्डली परमेश्वरको राज्य हो अथवा आइसकेको ख्रीष्टको राज्य हो भन्ने देखाइसकेका छन् । राजा प्रतिको समर्पणले, एउटा राज्यको नागरिकता दिलाउँदछ । येशूले आज्ञापालक विश्वासीहरुको यो समुदायलाई उहाँको मण्डली भन्नुभएको छ (मत्ती १६:१८, १९) ।

चौथो, हामीले यो शब्दलाई *एउटा आत्मिक शासनको* प्रसंगमा हेर्नुपर्दछ । विश्वासयोग्य ख्रीष्टियानहरु आज ख्रीष्टको आत्मिक शासनको अधिनमा छन् र आउने अनन्तमा परमेश्वर, ख्रीष्ट र पवित्र आत्मासँग पूर्ण र नजिकको सम्बन्धमा प्रवेश गर्ने अपेक्षा गर्दछन् । मण्डली अहिले एउटा राज्य हो, तर यसका सदस्यहरु आउन लागेको त्यो अनन्त राज्यको बाटो हेरिरहेका छन् । "राज्य" शब्दमा एउटा भविष्यको अर्थ पनि रहेको छ । ख्रीष्टले भन्नुभएको छ, "मलाई 'प्रभु, प्रभु' भन्ने सबै स्वर्गको राज्यमा प्रवेश गर्नेछैनन्, ..." (मत्ती ७:२१) । पावल लेख्दछन्, "प्रभुले मलाई सबै खराबीबाट जोगाउनुहुनेछ, र उहाँको स्वर्गको राज्यको निम्ति मलाई उध्दार गर्नुहुनेछ । उहाँलाई सदासर्वदा महिमा होस्, आमिन" (२ तिमोथी ४:१८) । पावल परमेश्वरको राज्यमा थिए, तर उनले स्वर्गको राज्यमा प्रवेश गर्ने बाटो हेरिरहेका पनि थिए । उनले त्यो राज्यलाई पुरानो र नयाँ करार दुवैका अगमवाणीहरु पूरा भएको रुपमा हेरेका थिए, जसरी एउटा वर्तमान समयको वास्तविकताको रुपमा मण्डलीमा देखाइएको छ, जसलाई ख्रीष्टले स्थापना गर्नुभएको र अनन्तको निम्ति प्रतिज्ञा गर्नुभएको थियो ।

जब कसैले नयाँ करारलाई हेर्दछन् भने उनले "राज्य" शब्दको प्रयोग घट्दो क्रममा भएको पाउँदछन्, चाहे त्यो "स्वर्गको राज्य", "परमेश्वरको राज्य" भन्ने अथवा राज्यलाई उल्लेख गर्ने अरु

वाक्यांश नै किन नहोस् । राज्यलाई उल्लेख गर्ने कार्य मत्तीमा उनन्चास पल्ट, मर्कूसमा पन्ध्र पल्ट, लूकामा उनन्चालिस पल्ट, यूहन्नामा पाँच पल्ट, प्रेरितमा आठ पल्ट, पावलका पत्रहरुमा चौध पल्ट, अरु पत्रहरुमा दुई पल्ट, हिब्रूमा दुई पल्ट र प्रकाशमा तीन पल्ट गरिएको छ । यसरी "राज्य" शब्द निरन्तर तर घट्दो क्रममा नयाँ करारमा प्रयोग भएको छ । (हेर्नुहोस् परिशिष्ट ४)

मत्ती मात्र नयाँ करारका लेखक हुन् जसले "स्वर्गको राज्य" प्रयोग गरेका छन् । मर्कूस, लूका र यूहन्नाले "परमेश्वरको राज्य" मात्र प्रयोग गरेका छन् । त्यसबेला "राज्य" शब्दको प्रयोग घट्दै जान्छ जब कोही प्रेरितमा पुग्दछन्, त्यसपछि "मण्डली" शब्दको प्रयोग बढ्दै जान्छ । यो त पवित्र आत्माले "राज्य" शब्दको ठाउँमा "मण्डली" शब्दको प्रयोग गर्नुभएको जस्तो छ ।

## "मण्डली" भन्ने शब्द

"मण्डली" भन्ने शब्दसँग यसको सम्पूर्ण नयाँ करारको सन्देशसँगको मूल सम्बन्धको कारणले गर्दा धेरै नै महत्वपूर्ण विशेषता जोडिएको छ । "मण्डली" त्यो शब्दको नेपाली अनुवाद हो जुन ग्रीक नयाँ नयाँ करारमा ११४ पल्टसम्म देखापरेको छ । सम्भवत कसैले आज नयाँ करारमा भएको यो शब्दको प्रयोगलाई नबुझीकन आजको संसारमा खीष्टको मुक्तिको मार्गलाई बुझ्न सक्दैनन् भन्नु ठीकै हुन्छ होला ।

### यसको सांसारिक प्रयोग

य शब्द सर्वप्रथम त एउटा सामान्य शब्द हो, कुनै विशेष धार्मिक अर्थहरु नभएको दैनिक जीवनको शब्द ।

यसको प्रयोगको एउटा नमूना प्रेरित १९ मा एफिससमा भएको दङ्गाको सम्बन्धमा देखापरेको छ । खीष्टियानिटीलाई लिएर एउटा हलचल मच्चिएको छ । मानिसहरु नजिकको रङ्गशालामा भेला भएका थिए, र त्यहाँ अन्योलता थियो । लेखक, लूकाले, तिनीहरु जम्माभएको बारेमा लेखेका छन्, "तब तिनीहरु भिन्नाभिन्नै कुरा गर्दै चिच्याउन लागे । किनकि त्यो भिडमा होहल्ला मच्चिएको थियो, र धेरैजसो मानिसहरुले त तिनीहरु किन जम्मा भएका हुन् सो पनि जानेका थिएनन्" (प्रेरित १९:३२, मेरोमा जोड दिनुहोस्) ।

लूकाले भेलाको निम्ति यो पदमा प्रयोग गरेको शब्द *एकलेसिया* हो, त्यो शब्दलाई नेपालीमा हाम्रो शब्दमा "मण्डली" (अंग्रेजीमा "चर्च") भनी अनुवाद गरिएको छ । अन्तमा, नगरका हाकिम यसो भन्दै, बोलेका छन्,

> तर यस बाहेक अरु नै विषय उठाउन चाहनुहुन्छ भनेता त्यसको फैसला नियमित सभामा हुनेछ, किनकि आजको यस हुलदङ्गाको दोष हामीमाथि लाग्ने खतरा छ । किनभने यो कारणैविनाको दङ्गाफसादको केही स्पष्टीकरण हामी दिन सक्नेछैनौं (प्रेरित १९:३९, ४०, मेरोमा जोड दिनुहोस्) ।

लूका त्यसपछि थप्दछन्, "यति भनेर तिनले सभालाई विसर्जन गरे" (प्रेरित १९:४१, मेरोमा जोड दिनुहोस्) ।

तीनपल्ट शहरको भेलाको यो घटनामा, लूकाले ग्रीक शब्द *एकलेसिया* प्रयोग गरेका छन ( प्रेरित १९:३२, ३९, ४१) । उनले एउटा भेलालाई अर्थ्याउनको निम्ति मात्र यसको प्रयोग गरेका थिए, किनभने उनले यो भेलालाई पदहरु ३२ र ४१ मा एकलेसिया भनेका छन् भने पद ३० मा एउटा भीडको रुपमा चित्रण गरेका छन् । रङ्गशालामा भएको त्यो भेला अथवा एकलेसिया एकसाथ भेला हुन बोलाइएको थिएन; त्यो त मात्र हूलदङ्गाको र घटनाक्रमको कारणले हुन गएको थियो । लूकाले एउटा न्यायिक सभा जहाँ कानूनी कुराहरुको निर्णय गरिन्छ त्यसलाई पनि पद ३९ मा एउटा *एकलेसिया* भनेका छन् ।

लूकाले "एकलेसिया" लाई प्रयोग गरेको प्रकाशमा हेर्दा, यसको सांसारिक प्रयोगमा, कुनै पनि प्रकारको भेलालाई सम्बोधन गर्न प्रयोग गरिएको हो भनी सोच्नु उपयुक्त हुन्छ । कुनै बेला एउटा भेला

डाकिएको अथवा एकसाथ भेला हुन आव्हान गरिएको पनि हुनसक्छ । लूकाले यी दुवै प्रकारको भेलालाई एउटा एकलेसिया भनेका छन् ।

केही भाषविज्ञहरुले आज नयाँ करारको समयमा *एकलेसियाको* सांसारिक प्रयोगको अर्थ "मात्र एउटा भेला" भन्दा बढी नै थियो भनी विश्वास गर्दछन् । लूकाले प्रेरित १९ मा गरेको यो शब्दको प्रयोगले यो निष्कर्षलाई प्रमाणित गरेको जस्तो देखिन्छ ।

लूकाको *एकलेसिया* को प्रयोगले हाम्रो प्रभुले यसलाई धार्मिक अर्थमा प्रयोग गर्नुभन्दा अघि यो शब्दलाई सांसारिक विश्वमा कसरी प्रयोग गरिन्थ्यो भन्ने अन्तर्दृष्टि प्रदान गर्दछ । शब्दको यो पृष्ठभूमि त्यो आधार हुनुसक्दछ जसमाथि हामीले हाम्रो प्रभुले एकलेसिया शब्दलाई कसरी प्रयोग गर्नुभएको छ भन्ने उत्तम समभ्रुदारी निर्माण गर्नसक्दछौं ।

**यसको धार्मिक प्रयोग**

*एकलेसिया* शब्दलाई नयाँ करारमा धार्मिक रुपमा पनि प्रयोग गरिएको छ ।

पुरानो करारबाट के कुरा स्पष्ट हुन्छ भने यहूदी पृष्ठभूमिदेखि ख्रीष्टियानिटीसम्ममा परमेश्वरका जनहरु एकसाथ भेला हुने अवधारणा विद्यमान छ । सेप्ट्युजिन्ट, पुरानो करारको धर्मशास्त्रहरुको ग्रीक अनुवादमा, इस्राएलीहरुको "भ्रुण्ड", जुन हिब्रूमा *क्वाहल* हुन्थ्यो, ग्रीकमा *एकलेसिया* भन्ने शब्दमा अनुवाद गरिएको थियो, विशेष गरेर जब इस्राएलीहरुको "भ्रुण्ड" परमप्रभुको अघि धार्मिक उद्देश्यले जम्मा हुने गर्दथ्यो (व्यवस्था १८:१६, ३१:३०, १ राज ८:६५, प्रेरित ७:३८) ।

"सिनागग" भन्ने शब्द पनि विशेष उद्देश्यले एकसाथ भेला भएका मानिसहरुलाई सम्बोधन गर्न मौलिक रुपमा प्रयोग गर्ने गरिन्थ्यो । पछि, त्यो शब्द ख्रीष्टियानहरुको एउटा भेला जुन आराधना गर्नलाई भेला भएको हुन्थ्यो, लाई सम्बोधन गर्न पनि प्रयोग भएको थियो । याकूबले दुवै ग्रीक शब्दहरु, सिनागग र एकलेसिया प्रयोग गरेका थिए, किनभने स्पष्ट छ उनको मनमा यहूदी ख्रीष्टियानहरु उनको पुस्तकका पाठकहरु हुन् भन्ने कुरा थियो । उनले एउटा भेला भएका ख्रीष्टियानहरुको भ्रुण्डको निम्ति *सिनागग* प्रयोग गरेका थिए, जो आराधना गर्न जम्मा भएका हुन्थे (याकूब २:२) र उनले कुनै एउटा निश्चित स्थानमा रहेको विश्वासीहरुको समूहको निम्ति *एकलेसिया* प्रयोग गरेका छन् (याकूब ५:१४) ।

यसरी, हाम्रा प्रभुले एउटा शब्द रोज्नुभयो जसले उहाँको उध्दारद्वारा परमेश्वरका अद्भूत मानिसहरुलाई सम्बोधन गर्न सकिन्थ्यो, उहाँले "मण्डली" भन्ने शब्द रोज्नुभयो, जसको सांसारिक प्रयोगमा सम्भवत एउटा सभा हुन्थ्यो, तर यसको पुरानो करारको प्रयोगमा एउटा "परमेश्वरका जनहरुको सभा" हुन्थ्यो । हाम्रा प्रभुले एउटा सांसारिक शब्द लिनुभयो र त्यसलाई एउटा विशेष धार्मिक अर्थ दिनुभयो । उहाँले यस शब्दको छनौटमा, उहाँले यसलाई सांसारिक र धार्मिक पृष्ठभूमिहरुबाट निकाल्नुभयो र उहाँको आफ्नै नयाँ अर्थ थपिदिनुभयो । त्यो शब्द प्रयोगमा, येशूले विश्वभरिका परमेश्वरका जनहरुलाई, जसले ख्रीष्टका रगतद्वारा उध्दार पाएका हुन्छन्, चाहे तिनीहरु भेला भएका हुन् अथवा नहुन्, सम्बोधन गर्न दिनुभयो (प्रेरित ८:३, एफिसी १:२२) ।

अर्को विचार जुन नयाँ करारमा *एकलेसिया* शब्दको बारेमा ल्याइएको छ त्यो कुनै एक व्यक्ति "बोलाइएको" अथवा "अलग गरिएको" भन्ने अवधारणा हो । जबकि यो विचार शब्दको सामान्य प्रयोगमा सम्भवत थिएन होला, ख्रीष्टको विशेष प्रयोगको अर्थमा यो एक महत्वपूर्ण अंशको रुपमा रहेको छ । *यो विचार चुनिएका मानिसहरुको गुणद्वारा शब्दमा प्रकट गरिएको छ ।*

पत्रुसले पेन्तिकोसको दिनमा भिडलाई भनेका थिए, "किनकि प्रतिज्ञा तिमीहरुको निम्ति तिमीहरुका सन्तानको निम्ति र टाढा-टाढामा रहेका सबैका निम्ति हो, प्रत्येक जसलाई प्रभु हाम्रा परमेश्वरले बोलाउनुहुन्छ" (प्रेरित २:३९) । पावलले थेसलोनिकीहरुलाइ भनेका थिए, "तिमीहरुको चालचलन परमेश्वरको योग्य होस्, जसले तिमीहरुलाई उहाँको आफ्नै राज्य र महिमामा बोलाउनुहुन्छ" (१ थेसलोनिकी २:१२) । यो सुसमाचार थियो जसद्वारा परमेश्वरले तिनीहरुलाई बोलाउनुभएको थियो । पावल भन्दछन्, "यसैको निम्ति हाम्रो सुसमाचारद्वारा हाम्रा प्रभु येशू ख्रीष्टको महिमा प्राप्त गर्न उहाँले तिमीहरुलाई बोलाउनुभयो" (२ थेसलोनिकी २:१४) । यसरी ती मानिसहरु जो सुसमाचारद्वारा परमेश्वरकहाँ बोलाइएका थिए तिनीहरुलाई "मण्डली" भनिएको थियो (१ कोरिन्थी १:१-३) ।

अझ, पावलले कलस्सेमा भएको मण्डलीलाई भनेका छन्, “उहाँले हामीलाई अन्धकारको राज्यदेखि छुटाउनुभयो र आफ्ना प्रिय पुत्रको राज्यभित्र हामीलाई सार्नुभएको छ । उहाँमा हाम्रो उध्दार, अर्थात् पापको क्षमा छ” (कलस्सी १:१३, १४) । पत्रुसले “उहाँले तिमीहरुलाई अन्धकारदेखि उहाँका उदेकका ज्योतिमा ल्याउनुभयो, ताकि तिमीहरु उहाँका आश्चर्यपूर्ण कार्यहरुको घोषण गर्न सक” (१ पत्रुस २:९ ख) भनेका छन् । पत्रुसले के पनि लेखेका छन् भने, “तर तिमीहरुलाई बोलाउनु हुने जस्तो पवित्र हुनुहुन्छ तिमीहरु आफै पनि जीवनका सबै रहनसहनमा पवित्र होओ” (१ पत्रुस १:१५) ।

येशूले “मण्डली” शब्द ख्रीष्टियान युगका सबै परमेश्वरका जनहरुलाई कुनै विशेष स्थान अथवा समयको विभेद नगरी सम्बोधन गर्न प्रयोग गर्नुभएको थियो । यद्यपि आजका कुनै पनि ख्रीष्टियान त्यो झुण्डको सदस्य होइनन् जुन पेन्तिकोसको दिनमा स्थापित भएको थियो, तर सबै समयका र सबै स्थानका सबै साँचा ख्रीष्टियानहरु त्यही प्रभुका मण्डलीका सदस्यहरु हुन् जुन त्यो दिनमा स्थापना भएको थियो । त्यो मण्डली सदा-कालको निम्ति एकैपल्ट यरुशलेममा येशूको पुनरुत्थान भएपछिको पहिलो पेन्तिकोसको दिनमा स्थापना भएको थियो । यसको जन्म दिन एउटै छ; यसको जन्म बारम्बार प्रत्येक शताब्दीमा अथवा धर्मत्यागको समयपछि पनि भएको होइन ।

**यसको व्यवहारिक प्रयोग**

हामीले “मण्डली” शब्दको अर्थ येशू र पवित्र आत्माले नयाँ करारमा व्यवहारिक रुपमा लाग्ने गरी दिनुभएको छ भन्ने अपेक्षा गर्नुपर्ने हुन्छ र यसमा वास्तवमा हामीले त्यस्तै अवस्था पाउँदछौं ।

व्यवहारिक प्रयोगमा, प्रेरणा प्राप्त लेखकहरुले “मण्डली” शब्द चार तरिकाले प्रयोग गरेका छन् । पहिला, उनीहरुले एउटा निश्चित स्थानमा भएका परमेश्वरका जनहरुको एउटा झुण्डलाई सम्बोधन गर्न यसलाई प्रयोग गरेका छन् । पावलले कोरिन्थमा रहेको “परमेश्वरको मण्डली” लाई पत्र लेखेका थिए, तिनीहरुलाई जो ख्रीष्ट येशूमा पवित्र पारिएका थिए (१ कोरिन्थी १:२) । फिलिप्पीमा भएको मण्डलीलाई “फिलिप्पीमा भएका सन्तहरु” को रुपमा सम्बोधन गरिएको थियो (फिलिप्पी १:१) । थेसलोनिकामा भएका सन्तहरुलाई भने “परमेश्वरका पिता र प्रभु येशू ख्रीष्टमा थेसलोनिकीहरुको मण्डली” को रुपमा सम्बोधन गरिएको थियो (१ थेसलोनिकी १:१) । एउटा निश्चित स्थानमा भएका सबै ख्रीष्टियानहरुलाई त्यस ठाउँको “मण्डली” भनिएको थियो । विश्वव्यापी मण्डलीको एउटा आकृति भनेको ख्रीष्टियानहरुको स्थानीय झुण्ड नै हो । जब कोही ख्रीष्टको मण्डलीको एउटा सदस्य हुन्छन्, उनी जहाँ बस्दछन् त्यहाँको ख्रीष्टियानहरुको शरीरको अंग हुन्छन् ।

दोश्रो, प्रेरणा प्राप्त लेखकहरुले कुनै एक क्षेत्रको स्थानीय झुण्ड बारेमा कुरा गर्दा “मण्डली” शब्द प्रयोग गरेका छन् । लूकाले लेखेका छन्, “त्यसरी सारा यहूदिया, गालील र सामरिया भरि मण्डलीमा शान्ति भयो र मण्डली सुदृढ भयो । प्रभुको भयमा हिँडदै र पवित्र आत्माको सान्त्वना पाएर मण्डलीमा बृध्दि हुँदैगयो” (प्रेरित ९:३१) । कहिलेकाहीँ कुनै एक क्षेत्रमा भएको मण्डलीलाई बहुवचनद्वारा “मण्डलीहरु” को रुपमा सम्बोधन गरिएको थियो । पावलले जब गलातीहरुलाई पत्र लेखेका थिए उनले “गलातियाका मण्डलीहरुलाई” लेखिरहेका थिए (गलाती १:२) । युरोपमा भएको मण्डली अथवा युरोपमा भएका मण्डलीहरुको बारेमा बोल्दै “मण्डली” शब्दको प्रयोग गर्नु धर्मशास्त्र अनुसारै हुनेछ ।

तेश्रो, नयाँ करारका लेखकहरुले मण्डली कसरी बनेको हुन्छ भन्ने देखाउन “मण्डली” शब्द प्रयोग गरेका छन् । उनीहरुले मण्डलीहरुमा कस्ता प्रकारका मानिसहरु हुन्छन् भन्ने सम्बन्धमा यसलाई प्रयोग गरेका छन् । पावलले रोमी १६ मा “अन्य जातिको मण्डलीहरुलाई” अभिवादन गर्ने क्रममा भनेका छन् : “प्रिस्का र अकिलास, ख्रीष्ट येशुमा मेरा सहकर्मीहरुलाई अभिवादन । तिनीहरुले मेरो निम्ति आफ्ना जीवन सङ्कटमा हाले । तिनीहरुलाई मैले मात्र होइन तर अन्य जातिका मण्डलीहरु जम्मैले पनि धन्यवाद दिन्छन् । तिनीहरुको घरमा भएको मण्डलीलाइ अभिवादन देओ ...” (रोमी १६:३-५) ।

चौथो, यी प्रेरणा प्राप्त लेखकहरुले आराधना गर्न भेला भएको मण्डलीको सम्बन्धमा पनि त्यो शब्द “मण्डली” प्रयोग गरेका छन् । जब त्यो आराधना गर्न भेला भएको हुँदैनथ्यो, त्यो मण्डलीको अस्तित्व भने हुन्थ्यो, तर “मण्डिली” शब्द विशेष तवरले तोकिएको स्थानमा भेला भएको मण्डलीको निम्ति पनि प्रयोग भएको छ । पावलले कोरिन्थीहरुलाई जब तिनीहरु भेला हुन्थे त्यसबेला मण्डली भनी सम्बोधन गरेका छन् (१ कोरिन्थी ११:१८) । उनले स्त्रीहरुलाई मण्डलीमा चुपचाप रहन भनेका छन् :

"स्त्रीहरु मण्डलीको सभामा चुपचाप रहुन् । तिनीहरुलाई बोल्ने अनुमति छैन, तर व्यवस्थाले भनेझैँ तिनीहरु अधिनमा रहुन्" (१ कोरिन्थी १४:३४) । उनले निश्चय नै यस पदखण्डमा मण्डलीको आराधना सभाको सम्बन्धमा कुरा गरिरहेका थिए ।

जुनै तरिकाले पनि कसैले मण्डलीलाई उल्लेख गर्दछन् भने, उनले तिनीहरुको बारेमा बोलिरहेका हुन्छन् जो ख्रीष्टको सुसमाचार प्रतिको समर्पणद्वारा ख्रीष्टको शरीरमा ल्याइएका हुन्छन् । एउटा ख्रीष्टियान संसारबाट र अन्धकारबाट बोलाइएको हुन्छ र परमेश्वरको अनुग्रहद्वारा त्यो शरीरमा राखिएको हुन्छ जसलाई ख्रीष्ट र नयाँ करारका प्रेरणा प्राप्त लेखकहरुले "मण्डली" भनेका छन् ।

## निष्कर्ष

निश्चय नै परमेश्वरले उहाँका मानिसहरुलाई सम्बोधन गर्न चुन्नुभएको शब्दहरु बारेको यो छोटो अध्ययनले हामीलाई उहाँको राज्य, उहाँको मण्डलीमा प्रवेश गर्न चुनौती दिँदछ । परमेश्वरले यी सांसारिक शब्दहरु लिनुभयो र, तिनीहरुलाई ती मानिसहरुमाथि प्रयोग गर्नुभयो जो उहाँको अनुग्रहको सुसमाचारद्वारा मुक्तिमा बोलाइएका हुन्छन् । यसरी यी शब्दहरुले ती सबैलाई सम्बोधन गर्दछन् जसले आफूलाई परमेश्वरको अधिनमा सुम्पेका हुन्छन् र ख्रीष्टको रगतद्वारा उध्दार पाएका हुन्छन् । पिता पुर्खाको युग तथा मोशाको युगको लामा वर्षहरु भरि, परमेश्वरले उहाँको विशेष मानिसहरुको निम्ति योजना बनाउनुभयो । उहाँले प्रेरणा दिनुभएको उहाँका सन्देशवाहकहरुले गरेका भविष्यवाणीहरु सबै उहाँले पूरा गर्नुभयो । अब उहाँको राज्यमा प्रवेश गर्ने र उहाँको मण्डलीमा थपिने कुरा तपाईमा निर्भर छ ।

## अध्ययन प्रश्नहरु

१. इस्राएलको परमेश्वरसँगको सम्बन्ध एउटा राजा र देश बिचको सम्बन्धसँग तुलना गर्दै छलफल गर्नुहोस् ।
२. शाऊल, इस्राएलको पहिलो राजाको, राजाको रुपमा परमेश्वरको राज्य, इस्राएल प्रति कस्तो जिम्मेवारी थियो ?
३. आउन लागेको राज्य बारेको दानिएलको भविष्यवाणीबाट के शिक्षा सिक्नु पर्दछ ? (हेर्नुहोस् दानिएल २:४४) ।
४. नयाँ करारमा "राज्य" शब्द क्रमिक रुपमा गरिएको कम प्रयोगलाई ध्यान दिनुहोस् । यसको अर्थ के हो ?
५. कुनै एक व्यक्ति आज परमेश्वरको राज्यमा भएर पनि अनन्त राज्यको बाटो हेर्न सक्दछ भन्ने बारेमा व्याख्या गर्नुहोस् । (हेर्नुहोस् २ तिमोथी ४:१८) ।
६. "मण्डली" शब्द नयाँ करारमा कतिपल्ट प्रयोग भएको छ र यसले त्यस शब्दको महत्वको बारेमा के संकेत गर्दछ ?
७. नयाँ करारमा प्रकट गरिएअनुसार "मण्डली" शब्दको सामान्य सांसारिक प्रयोग उल्लेख गर्नुहोस् । यो त्यसरी कहाँ प्रयोग गरिएको छ त्यो एउटा पद उल्लेख गर्नुहोस् ।
८. के "मण्डली" शब्दले यसको सांसारिक अर्थमा सधै एउटा धार्मिक सभालाई संकेत गर्दछ ? के यसले सधै "बोलाइएकाहरुको सभा" लाई संकेत गर्दछ, जो विशेष उद्देश्यले एकसाथ बोलाइएका हुन्छन् ?

## शब्द सहायताहरु

***ख्रीष्टको दुलही :*** मण्डली । मण्डलीको ख्रीष्टसँगको सम्बन्ध एउटा पुरुषको उसको श्रीमतीसँगको सम्बन्धसँग तुलना गरिएको छ । (हेर्नुहोस् एफिसी ५:२२-२९)

***दृष्टान्तहरु :*** येशूले अक्सर गरेर आत्मिक सत्यताहरुलाई प्रकाश पार्न दैनिक जीवनका कथाहरु प्रयोग गर्नुभएको थियो (मत्ती १३:३४) ।

***पिता-पुर्खाको युग :*** बाइबलको इतिहासमा भएको तीन महत्वपूर्ण कालखण्डहरु मध्ये एक । त्यसमध्ये पिता-पुर्खाको युग पहिलो थियो, जब परमेश्वर सोझै परिवारका अगुवाहरुसँग बोल्नुहुन्थ्यो । अर्को मोशाको युग थियो, जब इस्राएलका सन्तानहरुले मोशालाई दिइएको व्यवस्था पछ्याएका थिए (दश आज्ञा साथै) । यो येशूको क्रूसमा भएको मृत्युसम्म कायम रहेको थियो । अन्तिम युग ख्रीष्टियान युग हो । यस युगमा सबै उध्दार पाएकाहरु मण्डलीमा थपिएका हुन्छन् र नयाँ करार एक मात्र सिध्दान्त-शिक्षा र आराधनाको ईश्वरीय स्तर हो । यो युग येशूको दोश्रो आगमन नभएसम्म कायम रहने छ ।

***अगमवाणी :*** एउटा अगमवक्ताको प्रेरणा प्राप्त वचनहरु, जसलाई परमेश्वरको इच्छा प्रकट भएको रुपमा हेरिन्छ; कहिलेकाँही ईश्वरीय प्रेरणाद्वारा भविष्यमा हुन आउने कुराहरु प्रकट गरिन्छ ।

***शमूएल :*** पुरानो करारका एक महान अगमवक्ता, पूजाहारी र न्यायकर्ता ।

***सत्ताधारी :*** एउटा राजा अथवा अरु शासकहरु,जससँग ठूलो शक्ति हुन्छ । १ तिमोथी ६:१४, १५ मा प्रभु येशू ख्रीष्टलाई, “धन्य र सर्वोच्च, राजाहरुका महाराजा, प्रभुहरुका महाप्रभु” भनिएको छ ।

| नयाँ करारको मण्डली | | | |
|---|---|---|---|
| संस्थापक : खीष्ट<br>मत्ती : १६:१८ | कहाँ : यरुशलेम<br>यशैया २:३, प्रेरित २:५, ४७ | कहिले : इ.सं. ३३<br>प्रेरित २ | शिर : खीष्ट<br>एफिसी १:२२ |

| | |
|---|---|
| संगठन<br>फिलिप्पी १:१ | *एल्डरहरु:* तीतस १:५, १ पत्रुस ५:१-३, प्रेरित २०:२८, १ तिमोथी ३:१-७, *डिकनहरु:* प्रेरित ६:१-६, तिमोथी ३:८-१३, सदस्यहरुः प्रेरित २:४१-४७, कलस्सी १:१३, १ कोरिन्थी १:२ |
| मण्डलीलाई दिइएका नामहरु<br>एफिसी ३:१५ | *मण्डली:* कलस्सी १:१८, २४, *खीष्टको शरीर:* एफिसी १:२२, २३, राज्यः प्रेरित ८:१२, *खीष्टका मण्डलीहरु:* रोमी १६:१६, *परमेश्वरको मण्डली:* १ कोरिन्थी १:२, प्रेरित २०:२८, *परमेश्वरको परिवार:* एफिसी २:१९, १ तिमोथी ३:१५,*प्रभुका चेलाहरु:* प्रेरित ९:१, परमेश्वरको मन्दिरः १ कोरिन्थी ३:१६, *पहिला जन्मेकाहरुको सभा :* हिब्रू १२:२३ |
| खीष्टियानहरुलाई दिइएका नामहरु<br>एफिसी ३:१५ | *चेलाहरु:* प्रेरित ११:२६, *सन्तहरु:* १ कोरिन्थी १:२ फिलिप्पी १:१, *परमेश्वरका सन्तान:* गलाती ३:२६, १ यूहन्ना २:१, *भाई हो:* लूका ८:२१, गलाती ६:१, *खीष्टियानहरु:* प्रेरित ११:२६, १ पत्रुस ४:१६ |
| धर्मसार | *येशू खीष्ट:* मत्ती १६:१६-१८, प्रेरित ८:३७ |
| विश्वासको नियम र अभ्यास :<br>परमेश्वरको वचन | *सबै शक्ति:* मत्ती २८:१८-२०, रोमी १:१६, हिब्रू ४:१२, *मण्डलीमा शासन :* २ तिमोथी ३:१६-१७, २ पत्रुस १:३, *राज्यको बीउ :*मत्ती १३:३, लूका ८:११, *आत्माको तरवार* : एफिसी ६:१७ |
| आराधना | *भजन गान :* कलस्सी ३:१६, *प्रार्थना :* १ थेसलोनिकी ५:१७, *शिक्षा :* प्रेरित २०:७, *सहभागिता :* प्रेरित २०:७, १ कोरिन्थी ११:२३, *भेटी दान :* १ कोरिन्थी १६:१-२ |
| काम | *आत्मा बचाउनु :* मत्ती २८:१८-२०, यूहन्ना ६:४५, एफिसी ३:१०, १ तिमोथी ४:१६ |
| चेतावनी | *सत्यमा कायम रहनु :* गलाती १:६-८, मत्ती १५:९, १३, २ कोरिन्थी ११:३, प्रकाश २२:१८, १९, २ यूहन्ना ९ |